# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : अगष्ट २०२५ वर्ष :४ अकं : ८

## १. बालबालिका सम्बन्धी ऐनमा भएको बाल सहभागिताको प्रावधानबारे नमोबुद्ध नगरपालिकामा छलफल :



७ अगस्ट २०२५ : राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले काभ्रेको नमोबुद्ध नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, बाल सञ्जालका पदाधिकारी र सरोकारवालाहरूसँग छलफल सम्पन्न गरेको छ । समितिका माननीय सभापति तुलसाकुमारी दाहालको नेतृत्वमा राष्ट्रिय सभा सदस्यहरू तथा कन्सोर्टियम नेपालका पदाधिकारी सम्मिलित टोलीले बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागितासम्बन्धी कानुनी प्रावधानहरूको मापन तथा यसमा गर्नुपर्ने सुधारको सन्दर्भमा सुझाव सङ्कलन गरेको हो ।

समितिका माननीय सदस्यहरूले नमोबुद्ध नगरपालिकाका विभिन्न तह र संरचनामा बाल सहभागिताको अवस्था, बालश्रम लगायत अन्य विभिन्न पक्षबारे जानकारी लिएका थिए । नगर प्रमुख कुनसाङ लामाले बालमैत्री स्थानीय तह घोषणालाई प्राथमिकतामा राखेर यसका मापदण्डहरू पुरा गर्न लागि परिरहेको बताउनुभयो । नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख तारादेवी सुनुवारले नगरपालिकामा भइरहेको बालमैत्री अभियान लगायत बालबालिकासँग सम्बन्धित विभिन्न तथ्याङ्कबारे जानकारी दिनुभयो ।

सो अवसरमा राष्ट्रियसभाका माननीय सदस्यहरू डा. बेदुराम भुसाल, झक्कुप्रसाद सुवेदी, कृष्णबहादुर रोकाय, गोपाल भट्टराई, जयन्तीदेवी राई, तारामान स्वाँरसहित समितिका सचिव रहेका सहसचिव मनोजकुमार गिरी, उपसचिव नुमराज खनाल शर्मा, शाखा अधिकृत प्रकाश ज्ञवाली, कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जन, उपाध्यक्ष प्रदिप कु. लामिछाने, महासचिव अनिता पाण्डे, नमोबुद्ध नगरपालिकाको नगर प्रमुख, वडा अध्यक्ष, बालबालिका, नगरपालिकाको शाखा प्रमुख लगाएतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सहजीकरण गरेको संस्था कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले बालबालिकाहरू आफ्ना अधिकारप्रति सचेत हुनु आवश्यक रहेको भन्दै बालबालिकाको सहभागिता र नेतृत्व अत्यन्त महत्त्वपूर्ण रहेको बताउनु भयो ।


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## २. बाल सहभागिता बारे स्थलगत अध्यनबाट प्राप्त जानकारी बारे अन्तरक्रिया सम्पन्न :



२५ अगस्ट २०२५ : बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानको कार्यान्वयन मापनको स्थलगत अध्ययन भ्रमणबाट प्राप्त जानकारी सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिले आयोजना गरेको कार्यक्रममा विभिन्न संघ संस्थाहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सहजीकरण राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिका सचिव मनोज गिरिले गर्नुभएको थियो भने उपसचिव नुमराज खनालले स्थलगत अध्ययनबाट आएका सवालहरुलाई प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यत्रममा विभिन्न संघ संस्था बाट उपस्थित सहभागि लगाएत अभियन्ताहरुले प्रस्तुतिकरणमा रहेर आफ्ना भनाईहरु राख्नुएको थियो र सँगै माननीय समिति सदस्यज्यूहरुले भ्रमण अनुभवहरु बताउनुभएको थियो । कार्यक्रमको अन्त्यमा कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले विधायन व्यवस्थापन समितिलाई धन्यवाद व्यक्त गर्दै बाल सहभागिताको महत्वलाई लिएर आफ्नो भनाईहरु राख्नुभयो भने कार्यक्रमको समापन माननीय विधायन व्यवस्थापन समिति तुलसा कुमारी दहालले गर्नुभएको थियो ।



## ३. बालअधिकारका विषयमा प्रमुख राजनीतिक पार्टिका विद्यार्थी नेताहरुसँग छलफल सम्पन्न :

बाल अधिकारको संरक्षण र संवर्द्धनमा ध्यान दिन सरोकारवालाहरूले जोड दिएका छन् । ललितपुरमा सम्पन्न विभिन्न राजनीतिक दलका विद्यार्थी नेताहरुसँग भएको छलफलमा सहभागिहरुले उक्त जोड दिएका हुन् ।

कार्यक्रममा प्रस्तुतिकरण गर्दै बाल अधिकार अभियन्ता गौरी प्रधानले राज्यले बालबालिकामा पर्याप्त लगानी पुर्याउन नसकेको बताउनुभयो । सँगै वहाँलेबालबालिका राष्ट्रिय गौरव हुन्, भविष्य र वर्तमान दुवै हुन् र अन्य विकासका गतिविधिहरू गौरवका योजना हुन्छन् भने बालबालिकाको विषय किन गौरवको

विषय नहुने भन्ने प्रति प्रश्न गर्दै बालबालिकामा गरेको खर्च नभई लगानी भएको बताएका थिए । कार्यक्रमा प्रस्तुति पश्चात उपस्थित विद्यार्थी नेताहरुले आफ्नो क्षेत्रमा बालअधिकारलाई एजेन्डाको रुपमा प्रस्तुत हुन सकिने प्रतिबद्धता सहित आफ्ना भनाईहरु राखेका थिए ।

अन्तराष्ट्रिय युवा दिवस र बाल सहभागिता दिवसको अवसरमा पारेर आयोजना गरिएको उक्त कार्यक्रमको सहजीकरण कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन सेभ द चिल्ड्रेनबाट आयुष जोशीले गर्नुभएको थियो । कार्यक्रममा अनेरास्ववियुको अध्यक्षमा डा. सुजन कडरिया लगाएत १५ विद्यार्थी नेताहरुको उपस्थिति रहेको थियो ।



## बाल सहभागिता दिवस विशेष- २०८२

सर्वोच्च अदालतले मिति २०५८ श्रावण २५ गते बालबालिकाको संगठित हुन पाउने अधिकारलाई कानुनी मान्यताको लागि फैसला गरको र यसै अवसरलाई लिएर कन्सोर्टियम नेपालले श्रावण २५ को दिनलाई राष्ट्रिय बाल सहभागिता दिवसको रुपमा मनाउदै आएको छ। उक्त दिवस विभिन्न कार्यक्रम गरि मनाईएको र उक्त कार्यक्रमहरु यहाँ प्रस्तुत गरिएको छ,

### १. बाल सहभागिताका लागि केन्द्रित हुन अधिकारकर्मीले बुझाए ध्यानाकर्षण पत्र



हेटौंडा : बालअधिकारकर्मीले बागमती प्रदेश बालअधिकार समितिमार्फत सामाजिक विकास मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएका छन् । बाल सहभागिता दिवसको अवसर पारेर बाल अधिकारका क्षेत्रमा कृयाशिल अधिकारकर्मीले सामाजिक विकास मन्त्रालयमा प्रदेश बालअधिकार समितिमार्फत सामाजिक विकास महाशाखा प्रमुख इन्दिरा ओझा तथा समितिका सदस्य प्रकाश खतिवडालाई ध्यानाकर्षणपत्र बुझाइएको हो ।

ध्यानाकर्षणपत्र नेपालको संविधान, २०७२ को मौलिक हकका रुपमा उल्लिखित बालबालिकाको हकअन्तर्गत् बालबालिकाको सहभागिताको हक सुनिश्चितताका लागि, बाल सहभागिता दिवस मनाउँदै गरेको सन्दर्भमा कन्सोटियम नेपालआबद्ध सामाजिक संस्थाहरु, गैसस महासंघआबद्ध संस्थाहरु र बाल सहभागिता सुनिश्चितता अभियानमा क्रियाशील संस्थातर्फबाट बाल सहभागिता सुनिश्चितताका लागि पत्र पेश गरिएको छ ।

## २. एरावती गाउँपालिकामा भव्य भयो बाल सहभागिता दिवस :



राष्ट्रिय बाल सहभागिता दिवस २०८२ को सन्दर्भमा एरावती गाउँपालिका स्थित कालिका विकास केन्द्र नेपालाले बालबालिकाहरुको वक्तित्वकला प्रतियोगिता लगाएत विभिन्न कार्यक्रमगरि राष्ट्रिय बाल सहभागिता दिवस मनाएको छ । कार्यक्रम एरावती गाउँपालिको विभिन्न वडाहरुमा सम्पन्न गरिएको थियो । कार्यक्रममा बालबालिका र वयस्क गरेर १०२ जना सहभागिहरुको उपस्थिति रहेको थियो । बालबालिकाको समग्र विकासलाई हेर्दैगर्दा बाल सहभागितालाई पनि प्राथमिकतामा राख्नुपर्ने विषयलाई जोड दिदै कार्यक्रमको सुरुवात गरिएको थियो ।

## ३. मध्यविन्दुमा बाल अधिकार, किशोरी अधिकार तथा बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण सम्पन्न

राष्ट्रिय बाल सहभागिता दिवस २०८२ को अवसरमा मध्यविन्दु नगरपालिका-१ मा वडास्तरिय बालक्लवका पदाधिकारी र बालबालिकाहरुलाई बाल अधिकार, किशोरी अधिकार तथा बालमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । जागृती बाल तथा युवा सरोकार नेपालको आयोजना, क्यान्नलानको सहयोग, कन्सोर्टियम नेपाल, जागृती बाल क्लब नेपाल, जिल्ला प्रहरी कार्यालय नवलपरासी तथा मध्यविन्दु वडा नं. १ को समन्वय र एक्यवद्धतामा सो कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रममा जागृती बाल तथा युवा सरोकार नेपालका कार्यक्रम अधिकृत राधा देवी बोटेले बाल सहभागिता दिवसको सन्दर्भ सहित बालमैत्री स्थानीय शासनको अवधारणा, सूचकहरु, बाल विवाह र कानुनी व्यवस्था, हिंसा तथा दुर्व्यवहारमा सहयोग प्राप्त गर्न सकिने निकाय र हटलाइन नम्बरबारे विस्तृत जानकारी दिनुभयो ।त्यस्तै, किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गतकी साथी शिक्षक अनिसा पौडेलले बालबालिका भनेको को हो, बाल अधिकारको पृष्ठभूमि, चार आधार स्तम्भ, बाल क्लबको भूमिका र दायित्व तथा 'राम्रो र नराम्रो छुवाई' जस्ता विषयमा सहभागीहरुलाई अभिमुखीकरण गराउनुभयो । बालबालिकालाई आफुलाई परेको समस्या सहज रूपमा समुदाय स्तर र बिधालय स्तरमा भन्न सक्नुपर्ने र अभिभावक


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

वा शिक्षकहरुलाई बताउनुपर्नेमा जोड दिनुभयो । प्रत्येक बिधालयमा बाल क्लब र लैङ्गिक फोकल शिक्षकहरु रहनुहुने र उहाँहरुलाई पनि तालीम दिइयको बताईयको थियो । कार्यक्रममा वडास्तरिय बालक्लवका सचिव गिर बहादुर खत्रीको अध्यक्षता तथा वडा सदस्य रेम कुमारी महतोको प्रमुख आतिथ्यता रहेको भने ३५ सहभागिहरुको उपस्थिति रहेको थियो ।




## ४. कोशीमा बाल सहभागिता सुनिश्चित गर्न मन्त्रीलाई १४ संस्थाको ७ बुँदे सुझाव

राष्ट्रिय बाल सहभागिता दिवसको अवसरमा बालबालिकाको अधिकार र सहभागितामा काम गर्ने संस्थाहरूको साझा समूह कन्सोर्टियम नेपालको कोशी प्रदेश समितिले प्रदेश सरकारलाई सात बुँदे सुझावपत्र बुझाएको छ ।

कन्सोर्टियम नेपालको तर्फबाट कार्यसमिति सदस्य स्वस्तिका पोखरेलले सुझावपत्र बाचन गर्दै माननीय सामाजिक विकास मन्त्री पाँचकर्ण राईलाई सुझाव पत्र बुझाएको हो । समितिले बालबालिकाको सहभागिता सुनिश्चित गर्न कानुनी, नीतिगत र संरचनात्मक कदम चाल्न आग्रह गरेको छ ।

सुझावपत्रमा प्रदेश तथा स्थानीय तहमा बाल सहभागिता सम्बन्धी नमुना कार्यविधि तयार गरी लागू गर्ने, बालक्लब र सञ्जालको मापदण्ड बनाउने, तथ्यांक संकलन र वार्षिक अद्यावधिकको व्यवस्था गर्ने, समावेशी बालक्लबको अवधारणालाई मूर्तरूप दिने र सीमान्तकृत बालबालिकाको सहभागिता सुनिश्चित गर्न निर्देशन जारी गर्ने प्रस्ताव समावेश छन् । यो सुझावपत्रमा सिविन नेपाल, भ्वाइस अफ चिल्ड्रेन,योङस्टार क्लब सोलुखुम्बु, जनसेवा समाज खोटाङ, बालविकास समाज उदयपुर, माट्स नेपाल संखुवासभा, महिला जनचेतना केन्द्र झापा, मानव अधिकार मञ्च इलाम लगायत १४ जिल्लाका सदस्य संस्थाहरूको हस्ताक्षर गरिएको थियो । मन्त्री राईले बाल अधिकारका बिषयमा सुनिश्चित गर्न १४ जिल्ला र १३७ पालिकासँग समन्वय गर्ने प्रतिवद्धता जनाउनुभयो ।




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## ५. बालबालिकाको हक सुनिश्चितताका लागि ध्यानाकर्षण




राष्ट्रिय बाल सहभागिता दिवस २०८२ को सन्दर्भमा बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह, गण्डकी प्रदेश समितिका संयोजक डिल्लीप्रसाद शर्माको नेतृत्वमा पोखरामा क्रियाशील विभिन्न सात ओटा संस्थाका प्रतिनिधिहरूले गण्डकी प्रदेश सरकारका माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापालाई २०८२ साउन २५ गते आठ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन् । मन्त्री थापाले ध्यानाकर्षण पत्र बुझ्दै गण्डकी प्रदेश सरकार बालबालिकाको हकअधिकार प्रति संवेदनशील रहेको बताउनु भयो ।

मन्त्री थापाले ध्यानाकर्षणपत्रले सरकारलाई थप उत्प्रेरित र जबाफदेही बनाएको र बालबालिका क्षेत्रमा सँगसँगै काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।बाल सहभागिता दिवस मनाउँदै गरेको सन्दर्भमा कन्सोर्टियम नेपाल गण्डकी प्रदेश समितिको तर्फबाट नेपालको संविधान २०७२ को मौलिक हकका रूपमा उल्लेखित बालबालिकाको हक अन्तर्गतको बालबालिकाको सहभागिताको हक सुनिश्चितताका लागि ध्यानाकर्षणपत्र बुझाइएको हो ।

## ६. माननीय बागमती प्रदेश स्वस्थ्य मन्त्रीसँग अन्तरक्रिया सम्पन्न



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, बाल क्लब संजालमा आवद्ध बालबालिका र सिविस संस्थाका बाल सल्लाहकार समिती समिती सदस्यहरुले राष्ट्रिय बाल सहभागिता दिवसको अवसर पारेर माननीय बागमती प्रदेश स्वस्थ्य मन्त्री किरण थापासङ्ग अन्तरक्रिया सम्पन्न गरेका छन् । छलफलमा बालबालिकाहरुले भर्खरै मात्र सम्पन्न भएको विश्वव्यापी आवधिक समिक्षा प्रतिवेदनमा आएका बाल स्वास्थ्यका सवालहरु उठान गरेका थिए । अन्त्यमा, माननीय मन्त्रीज्युले आफू बालअधिकार प्रती सधैं सकारात्मक भएको र बालबालिकाहरुले उठान गरेका विषयमा काम गर्न प्रतिबद्ध रहेको पनि जनाउनु भयो ।

## बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
## मासिक कार्यसम्पादन पत्र

### हार्दिक बधाई

# हार्दिक बधाई एवं शुभकामना



**बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानको २३ औं स्थापना दिवस तथा नवौं अधिवेशनबाट निर्वाचित अध्यक्ष तिलोत्तम पौडेल लगाएत सम्पूर्ण कार्यीमितिलाई हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**

अध्यक्ष
एवं
कन्सोर्टियम नेपाल परिवार

कन्सोर्टियम–नेपाल
Consortium Nepal

### "संघ संस्था ऐन, २०८२" को प्रस्ताव प्रति हाम्रो गम्भीर ध्यानाकर्षण

DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)**
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM–NEPAL)

**संविधानप्रदत्त मौलिक हकलाई सीमित गर्ने खालकको "संघ संस्था ऐन, २०८२" को प्रस्ताव प्रति हाम्रो गम्भीर ध्यानाकर्षण सहितको प्रेस विज्ञप्ति**

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वतन्त्र रूपमा सङ्गठित हुने, संघ संस्था स्थापना गर्ने र सञ्चालन गर्न सक्ने मौलिक हक सुनिश्चित गरेको छ । यही संवैधानिक आधारमा नेपालमा विभिन्न संघसंस्था, नागरिक समाज संगठन, तथा समुदायमा आधारित संस्थाहरु स्थापना भई सार्वजनिक सरोकारका विषयमा सक्रिय रुपमा कार्यरत छन् ।

तर हाल संघ संस्था दर्ता तथा व्यवस्थापनसम्बन्धी विद्यमान कानुनलाई संशोधन र एकीकरण गर्ने गरि तयार गरिएको प्रस्तावित "संघ संस्था ऐन, २०८२" को प्रस्तावले विद्यमान कानुनलाई संशोधन तथा एकीकरण गर्ने नाममा संविधानले सुनिश्चित गरेका अधिकारहरुलाई संकुचन गर्ने, नियन्त्रण गर्ने र राज्यकेन्द्रित दृष्टिकोण मात्र थोपर्ने खालका प्रावधानहरु समेटेको देखिन्छ । यसले नागरिकको स्वतन्त्रतालाई स्वतन्त्रपूर्वक संगठन संचालन गर्ने अधिकारमा हस्तक्षेप गर्ने मात्र होइन, विचार अभिव्यक्ति र सहभागितामा गम्भीर अवरोध सिर्जना गर्ने जोखिम बोकेको हामीले गम्भीरतापूर्वक महशुस गरेका छौं ।

हामी यो प्रस्तावित ऐनप्रति आपत्ति प्रकट गर्दछौं, किनभने यसले संविधानले सुनिश्चित गरेको नागरिकहरूको स्वतन्त्र सङ्गठन गर्ने मौलिक अधिकारलाई संकुचित गर्ने खालका प्रावधानहरू समेटेको छ । नागरिकलाई आफ्नै पहलमा स्वतन्त्र रूपमा संघ, संस्था स्थापना र सञ्चालन गर्ने अधिकार संविधानको आधारभूत ग्यारेन्टी हो, तर प्रस्तावित ऐनले विभिन्न किसिमका प्रशासनिक नियन्त्रण, दर्ता तथा सञ्चालनका जटिल प्रक्रिया र कडाइका माध्यमबाट यस अधिकारलाई व्यवहारमै सीमित गर्ने जोखिम बोकेको देखिन्छ । यस्तै, प्रस्तावित व्यवस्थाले राज्यकेन्द्रित दृष्टिकोणलाई मजबुत पार्दै नागरिक समाज, समुदायमा आधारित संस्था र स्वतन्त्र संगठनहरूको भूमिका कमजोर पार्ने सम्भावना पनि छ । यस्तो अवस्था सिर्जना हुँदा नागरिक समाजको आवाज, आलोचनात्मक दृष्टिकोण र सार्वजनिक सरोकारमा हुने सक्रियता खुम्चिने मात्र होइन, लोकतान्त्रिक अभ्यासलाई समेत कमजोर पार्ने खतरा विद्यमान हुन्छ ।

अन्त्यमा हामी सरकार र सम्बन्धित निकायलाई यस विधेयकलाई व्यापक छलफल, सरोकारवाला पक्ष र नागरिक समाजसँगको परामर्शमार्फत मात्र संशोधन वा प्रगतिशील ढंगले अगाडि बढाउन आग्रह गर्दछौं । साथै, हामी नागरिक समाज, समुदाय र आम नागरिकलाई संविधानले प्रदत्त मौलिक हकको संरक्षण र प्रवर्द्धनका लागि एकजुट हुन आह्वान गर्दछौं ।

| | | |
|---|---|---|
| **सन्तोष महर्जन** | | **अनिता पाण्डे** |
| अध्यक्ष | २०८२ भाद्र १२ | महासचिव |

कन्सोर्टियम नेपालले अगष्ट २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण:

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | Regional Consultation on child protection in emergencies | SAIEVAC |
| २. | Working committee meeting for children's day celebration | MoWCSC |
| २ | Case Study and Report Writing Workshop | SCI |



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४ participation.consortium@gmail.com, Fb: Consortium Nepal